# सङ्घीय समाजवादी फोरम, नेपाल
## FEDERAL SOCIALIST FORUM, NEPAL
### तराई/मधेस प्रदेश तदर्थ समिति
### जनकपुरधाम
fsfntmadhesh@gmail.com


पत्र संख्या :
चलानी नं. :

मिति:- २०७५/६/२३ गते

## प्रेस विज्ञप्ति

संघीय समाजवादी फोरम, नेपालका प्रतिनिधिसभा सदस्य हरिनारायण रौनियार विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चलाएको भ्रष्टाचार मुद्दाप्रति मधेश प्रदेश समितिको गंभिर ध्यानाकर्षण भएको छ ।

पप्पु कन्स्ट्रक्सनको संचालक नहुँदापनि पूर्वाग्रही भएर सांसद माननीय हरिनारायण रौनियार विरुद्ध भ्रष्टाचारको अर्कै मुद्दा चलाइएको छ । कन्स्ट्रक्सनको संचालक सांसद व्यक्ती नहुँदाहुँदै हरिनारायण रौनियारलाई अख्तियारले बिगोको १९ करोड ३२ लाख २५ हजार ६ सय ९५ रुपैयाँ बिगो मागदावी गरिएकोछ । पप्पु कन्स्ट्रक्सनका अध्यक्ष सुमित रौनियारलाई पनि उत्तिकै बिगो मागदावी गरिएको छ ।

जबकी २०६८ साल असारमा पप्पु कन्स्ट्रक्सनले सडक डिभिजन कार्यालय नेपालगंजसित १९ करोड ३२ लाख २५ हजार ६ सय ९५ रुपैयाँमा ठेक्का स्वीकारेको थियो । ठेक्का स्वीकारेको रकम बराबरको बिगो दुई जनासित मागदावी गरिएको छ । अख्तियार पूर्वाग्रही भएर मधेशका नेता विरुद्ध मुद्दा चलाएकोले यस किसिमको षड्यन्त्रप्रति पार्टीको घोर आपत्ति रहेको छ ।

कयन ठेक्केदार कम्पनीहरुले काम नगरेर रकम दुरुपयोग गरेको प्रमाणहरु हुँदाहुँदै पनि अख्तियारले उनीहरु विरुद्ध कारबाही नगरेर मधेशका नेताहरुलाई लक्षित गरी चरित्र हत्या गर्ने काम गरेको छ ।

तसर्थ, निलम्बन गरिएका प्रतिनिधिसभा सदस्य हरिनारायण रौनियार माथिको सम्पूर्ण कारबाही फुकुवा गर्न हामी जोडदार मांग गर्दछौ ।

भवदीय
(शम्भु झा)
मुख्य सचिव

Scanned by CamScanner